# बराहक्षेत्र नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## कृषि विकास शाखा

चक्रघट्टी, सुनसरी

## १.नं.प्रदेश नेपाल

प्रथम पटक प्रकाशीत मितिः२०७८/०८/२८

**शिलबन्दी दरभाउ पत्रको सूचना**

यस बराहक्षेत्र नगरपालिकाको कृषि विकास शाखाको आ.व.२०७८/०७९ को वितिय हस्तान्तरण शसर्त अनुदानित मकै प्रर्वद्धन कार्यम र वितिय समानीकरण कार्यक्रमद्धारा कृषकहरुलाई बायोसिड कम्पनीको TX369 वर्णशंकर मकैको विउमा प्रति के.जि. रु.१००।- एक सय रूपैँया मात्र मुल्य अनुदान उपलब्ध गराई वितरण गर्नका लागि मकैको विउ १०००० दश हजार के.जि. खरिद गर्नु पर्ने भएको हुँदा ईच्छुक आधिकारीक बिक्रेताहरुबाट यो सूचनाको अधिनमा रही प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र शिलबन्धि दरभाउ पत्र पेश गर्न आव्हान गरीएको छ। बिस्तृत विवरण सहितको सूचना यस कार्यालयको वेवसाईट **WWW.barahamun.gov.np** मा गई डाउनलोड गरी हेर्न वा नगरपालिकाको कृषि विकास शाखामा सम्पर्क गरी बुझ्न सकिने छ।

शर्तहरुः-

१.बोलपत्र प्रति रु.१,०००।-(एकहजार रुपैया मात्र) फिर्ता नहुने गरि तिरी यो सूचना प्रकाशन भएको मितिले १५औ दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको कृषि विकास शाखाबाट खरिद गर्न सकिनेछ। दरभाउ पत्र फाराम खरिद गर्दा निवेदन साथ अध्यावधिक (नविकरण) भएको फरमको ईजाजत पत्र, विउ विजन विक्रेता इजाजत पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र (आ.व.२०७७/०७८को) कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न गर्नु पर्नेछ।

२.योसूचना प्रथम पटक प्रकाशित भएको मितिले १५औ दिन कार्यालय समय भित्र खरिद गर्ने र १६ औ दिनको १२:00बजे सम्म बोलपत्र दर्ता गरी सक्नु पर्नेछ। दर्ता हुन आएका शिलबन्दी बोलपत्र सोही दिन ठिक २:00बजे यसै कार्यालयका प्रतिनिधि र बोलपत्र दाता वा निजहरुका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ, सो समयमा बोलपत्र दाता वा निजहरुका प्रतिनिधीहरुको उपस्थिती नभए पनि बोलपत्र खोलिनेछ।

३.बोलपत्र पेश गर्दा तपशिलको रकम बराहक्षेत्र नगरपालिकाको कार्यालयको नाममा रहेको मेगा बैङ्क लिमिटेड नेपाल चक्रघट्टी शाखामा रहेको धरौटी खाता नं.3060010003088 मा जम्मा गरी बैङ्कको सक्कलै भौचर वा मान्यता प्राप्त बैङ्कको ९० दिन म्याद भएको बिडबण्ड सक्कलै दरभाउ पत्र साथ संलग्न गर्नु पर्नेछ।

४. बोलपत्र दाताले खरिद कार्वाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्वाहीमा आफ्नो स्वर्थ स्वघोषणा बोलपत्र साथ पेश गर्नु पर्ने छ।

५. बोलपत्र पेश गर्दा शिलबन्दी खाम बाहिर कार्यालयको नाम, कार्यको विवरण र बोलपत्र दाताको फर्मको नाम,ठेगाना र सम्पर्क नं. स्पष्ट रुपले उल्लेख गरेको हुनुपर्ने छ।

६.प्राप्त बोलपत्र मध्ये सबैभन्दा कम कबोल गर्ने एउटै वा फरक फरक बोलपत्र स्वीकृत गर्न सकिने छ।

७. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा आंशिक स्वीकृत गर्ने, घटी वा बढी अंङ्क वालालाई दिने वा नदिने सो सम्वन्धि सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

८. बोल पत्र शर्त रहित,केर मेट नभएको, कार्यालयले उपलब्ध गराएको फाराममा नै भरिएको, कुनै थप घट वा द्रष्टब्य नलेखेको हुनु पर्ने छ।

९. समयमा प्राप्त नभएको, रित नपुगेको, सूचनाको शर्त विपरित भएको बोलपत्र माथि कुनै कार्वाही हुने छैन।

१०. बोलपत्र खरिद वा दर्ता गर्ने फर्म हरुले कामको सम्वन्धमा राम्रो संग बुझि दरभाउ पत्र भरेको हुनु पर्ने छ।

११. बोल पत्र भर्दा केरमेट नगरी प्रष्ट रुपमा अंक र अक्षर दुवैमा उल्लेख  गर्नु पर्दछ। अंक र अक्षरमा उल्लेख भएको दर रेटमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

१२. बोलपत्र खरिद गर्ने वा बुझाउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलि पल्ट सो कार्यहरु हुनेछ।

१३. बोलपत्र दररेट उल्लेख गर्दा मु.अ.कर सहितको मुल्य उल्लेख गर्नु पर्नेछ।

१४. दर भाउ दाताले नक्कली कागजात पेश गरेको पाइएमा निज दरभाउ पत्र दाताको दरभाउ पत्र रद्द गरी कालो सुचीमा समावेस गर्न सम्वन्धित निकायमा सिफारिस गरिनेछ। साथै निजको जमानत समेत जफत हुनेछ।

१५.नियमानुसार तिर्नु बुझाउनु पर्ने कर दस्तुर आदी दरभाउ पत्र पेश गर्ने फर्म स्वयमले व्यहोर्नु पर्नेछ।

१६.एक फर्मको नाममा खरिद भएको दरभाउ पत्र फारम अर्को फर्मको नामना दाखिला गर्न पाईने छैन।

१७.बोलपत्र स्वीकृत भएपछि आवश्यकता अनुसार कार्यालयबाट आदेश दिइने छ र सो आदेश प्राप्त भएको ७ दिन भित्र उल्लेखित सामग्री उपलब्ध गराउनु पर्नेछ। बोल पत्र दाताले उपलब्ध गराएको सामग्री गुणस्तर हिन(म्याद समाप्ति भएको, उमार शक्ति मापदण्ड भन्दा कम, जातिय शुद्धता मापदण्ड भन्दा कम ) भएमा सामान फिर्ता गरिनेछ र सो को भुक्तानी गरीने छैन।

१८. यस सूचनामा लेखिएका कुरा यसै बमोजिम र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, नियमावली र प्रचलित कानुन अनुसार हुनेछ।

तपशिलः

| सि.नं . | ठेक्का नं. | कामको विवरण | लागत अनुमान | परिमाण के.जि. | दरपाउ पत्र खरिद गर्ने मिति र समय | दरभाउ पत्र दर्ता मिति र समय | दरभाउ पत्र खुल्ने समय | दरभाउ पत्र दस्तुर | धरौटी रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | BKM/NCB/४८/०७८/०७९ | बायोसिड कम्पनीको TX369 वर्णशंकर मकैको विउ | ५०,००,०००। | १०००० | २०७8/०९/13 गते कार्यालय समय सम्म | २०७८/०९/14 गते दिनको १२:०० वजे | २०७8/०९/१4 गते दिनको २:०० वजे | १०००।- | ५००००।- |

**प्रमुख प्रशासकीय अधिकृत**